कपुरकोट गाउँपालिका
कपुरकोट गाउँकार्यपालिकाद्वारा प्रकाशित
स्थानीय राजपत्र

**भाग ३ संख्या १७ मितिः २०८१/०३/०६**

# चिस्यान केन्द्र (Cold Storage) सञ्चालन कार्यविधि २०८१

गाउँ कार्यपालिकाबाट पारित मितिः २०८१/०३/०६

प्रमाणिकरण मितिः २०८१/०३/०६

**प्रस्तावना,**

सल्यान जिल्ला कपुरकोट गाउँपालिकाभित्र उत्पादित कृषि उत्पादनलाई लाई गुणस्तर कायम राख्दै बजारमा मूल्य बढी प्राप्त गर्न र उपभोक्ताहरुलाई पनि स्वस्थकर कृषिवस्तु पुर्याउन कपुरकोट गाउँपालिकाको मुख्य हाट बजारस्थल कपुरकोटमा शीतघर निर्माण गरिएको छ। यसले गर्दा समग्र किसानहरूको आयआर्जन वृद्धिमा टेवा पुर्याउनुको साथै व्यापारी तथा उपभोक्ता सबैलाई फाइदा पुर्याउने उद्देश्यले कपुरकोट गाउँपालिकाकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ उपदफा २ ले दिएको अधिकार प्रयोग गरी यो चिस्यान केन्द्र सञ्चालन कार्यविधि तर्जुमा गरि लागु गरेको छ ।

## परिच्छेद १

### प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम "**चिस्यान केन्द्र सञ्चालन कार्यविधि,२०८१**" रहेको छ ।

(ख) यो कार्यविधि कपुरकोट गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

**२) परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "गाउँपालिका" भन्नाले कपुरकोट गाउँपालिकालाई सम्झनुपर्दछ ।

ख) "अध्यक्ष" भन्नाले कपुरकोट गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ ।

ग) "उपाध्यक्ष" भन्नाले कपुरकोट गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्दछ ।

घ)"प्रमुख प्रशासकिय अधिकृत" भन्नाले कपुरकोट गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनुपर्दछ ।

ङ) "वडा समिति" भन्नाले कपुरकोट गाउँपालिकाको वडा समितिहरुलाई सम्झनुपर्दछ ।

च) “कृषि जन्य वस्तु” भन्नाले कृषकहरुले उत्पादन गरेको पशु पन्छी जन्य उत्पादन बाहेक सम्पूर्ण लामो समयसम्म भण्डार गर्न सकिने उत्पादन जस्तै आलु, प्याज, अदुवा, बेसार तथा फलफुल लगाएतका कृषि जन्य उत्पादन बुझ्नु पर्ने छ ।

छ ) "कार्यक्रम" भन्नाले सङ्घीय सरकार, कर्णाली प्रदेश सरकार र कपुरकोट गाउँपालिकाको संयुक्त लगानिमा निर्माण भएको चिस्यान केन्द्र (Cold Storage) संचालन कार्य सम्झनु पर्दछ ।

ज) “चिस्यान केन्द्र” भन्नाले कृषि उपजको सुरक्षित भण्डारणको लागि चिस्यान सुविधा भएको एक वा धेरै च्याम्बर भएको एक तले संरचना ( कोल्ड स्टोर) सम्झनु पर्दछ ।

झ) “समिति” भन्नाले कपुरकोट कृषी उपज बजार सञ्चालक समिति सम्झनु पर्दछ ।

ञ) ) "शुल्क भन्नाले” चिस्यान केन्द्र उपयोग गरेबापत उपभोक्ता वा लाभग्राहिले समितिलाई बुझाउने शुल्क सम्झनु पर्दछ ।

**परिच्छेद- २**

## ३) चिस्यान केन्द्र सञ्चालनका उदेश्यहरु

क) कृषि उपजहरुको उत्पादन उपरान्तको क्षती न्यूनीकरण गर्ने ।

ख) कुनै कृषि उपजको गुणस्तर प्रवर्धन र मूल्य अभिवृद्धिसहित बजारको मागअनुसार आवश्यक परिमाणमा उपलब्ध गराउने।

ग) कृषि उपजको बजारीकरणलाई सहज तुल्याउने।
घ) यस क्षेत्रका कृषकहरुलाई आफ्नै क्षेत्रमा भण्डारणको सुविधा प्रदान गरी कृषि उत्पादन तर्फ कृषकलाई आकर्षित गराउने।

**४) चिस्यान केन्द्रको स्थापना र क्षमताः** कपुरकोट कृषी उपज संकलन केन्द्र परिसरमा एक हाईब्रिड चिश्यान केन्द्र स्थापना गरिने छ ।यसको क्षमता र संख्या आबस्यकता अनुसार निर्धारण गरेवमोजिम हुनेछ।

**५) चिस्यान केन्द्र सञ्चालन सम्बन्धी व्यवस्थाः**(१) यस चिस्यान केन्द्र सञ्चालनको लागि कपुरकोट गाउँपालिकाको क्षेत्रभित्र रहेका सहकारी, कृषि समूह तथा निजी क्षेत्रमध्ये कुनै एक निकायलाई जिम्मेवारी दिइनेछ। चिश्यान केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्ने जिम्मेवार निकाय छनोट गर्दा तथा चिस्यान केन्द्र सम्बन्धी अन्य अनुगमन तथा नियमनको लागि सञ्चालक समितिले आवस्यक कार्यहरु गर्ने छ ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएपनि चिस्यान केन्द्रको सञ्चालन गर्न कुनै छुट्टै बैकल्पिक निकाय स्थापित नभएसम्मका लागि कृषि उपज बजार सञ्चालक समितिले चिस्यान केन्द्रको व्यवस्थापन तथा सञ्चालनको काम गर्नेछ।

(३ )चिस्यान केन्द्रको सञ्चालन र आय व्ययको प्रतिवेदन राख्नका लागि सञ्चालक समितिले आवश्यक जनशक्ति र स्रोत साधनको व्यवस्थापन गर्नेछ।

(४) चिस्यान केन्द्रको नियमित मर्मत सम्भार, रेखदेख र सञ्चालनका लागि विद्युत लगायतका अन्य व्यवस्थाहरू सञ्चालक समितिले मिलाउनुपर्नेछ।

(५) चिस्यान केन्द्रको अधिकतम प्रयोग गरी कृषि उत्पादनको मूल्य अभिवृद्धि गर्न बजारीकरण तथा सचेतना प्रवर्धनको लागि सञ्चालक समितिले आवश्यक व्यवस्था मिलाउनुपर्नेछ।

**६)चिस्यान केन्द्रमा लाग्ने शुल्क सम्बन्धी व्यवस्थाः**

१) चिश्यान केन्द्रमा सामग्री राखेबापतको शुल्क बजार समय र परिस्थितिको मूल्याङ्कन गरी कृषि उपज बजार सञ्चालक समितिले निर्धारण गर्नेछ।

२) चिश्यान केन्द्रमा सामान राख्दा क्षमताको ४०% ब्यापारी र ६० % किसानको कोटा छुट्याइनेछ ।

३) यसरी सामान राख्दा लामो समय भण्डारण गर्ने कृषक तथा व्यापारी भन्दा छोटो छोटो समय भण्डारण गर्ने कृषक तथा व्यापारीलाई प्राथमिकता दिईने छ ।

४) कोल्डस्टोरमा राख्ने कृषि सामग्रीको ग्रेडिङ, प्याकेजिङ लगायत सो वस्तु राख्न मिल्ने हो होइन भन्ने निर्धारण समितिले कर्मचारी मार्फत गर्नेछ ।

५) कृषि सामग्रीको भण्डारण पूर्व तयारी बारे प्रयोगकर्तालाई जानकारी गराइनेछ।

**७) चिस्यान केन्द्रको व्यवस्थापन सम्बन्धि ब्यबस्था** :

(१)कृषि उत्पादित वस्तु राखिसकेपछि त्यसको व्यवस्थापन रेखदेख, मर्मत र निस्केको फोहोर व्यवस्थापनको जिम्मेवारी कृषि उपज बजार सञ्चालक समितिको हुनेछ।

(२) सामानको प्रकृति जात गुणस्तर र परिमाणको यकिन गर्ने सम्पूर्ण अधिकार कृषि उपज बजार सञ्चालन समितिलाई हुनेछ।

(३) चिश्यान केन्द्रमा सामान राख्नु पूर्व अनुसूची १ बमोजिमको फारम भरेर भण्डारण गरिनेछ। र सामान धनीलाई सोको कोड नम्बर उपलब्ध गराइनेछ।

४) चिश्यान केन्द्र भित्र सामान राख्दा कोडिङ सिस्टमको प्रयोग गरी क्यारेट वा बोरीमा राखिनेछ। जस अन्तर्गत ट्याग वा लेबलको व्यवस्था पनि गर्न सकिनेछ।

**८) चिश्यान केन्द्र परिचालनका प्रक्रियाहरू-**

(१)व्यापारी तथा कृषकहरूले कृषि उपज बजार सञ्चालन समितिको कार्यालयमा आफ्नो फर्म दर्ता पश्चात मात्र सामान राख्न ल्याउनेछन् ,यसरी ल्याएको सामान अपरेटरले राख्न योग्य हो होइन सोको निर्धारण गरी निर्णय गर्नेछ।

(२) भण्डारण कक्षमा प्राविधिकबाट सामाग्रीहरुको नियमित अनुगमन र रेखदेख गरिनेछ।

(३) सामान कति दिनमा प्राप्त गर्ने हो सोको जानकारी एक दिन अगावै कोल्ड स्टोर अपरेटरलाई गराउनुपर्नेछ। पहिले नै कति दिन भण्डारण गर्ने हो दर्ता फार्ममा उल्लेख गरियको हुनु पर्नेछ भने सामान बाहिर निकाल्दा लागेको दस्तुर कृषि उपज बजार सञ्चालक समितिको खातामा उपयोगकर्ताले जम्मा गर्नु पर्नेछ।

(४) चिश्यान केन्द्र प्रयोग गरे बापतको रकम सहित चिस्यान केन्द्रको आयब्ययको कपुरकोट गाउँपालिकाद्वारा वार्षिक लेखापरीक्षण गरिनेछ।

(५)कोल्डस्टोर अपरेटरलाई लगत नियन्त्रण गर्न अपनाउनुपर्ने विधिहरू सम्बन्धमा समय समयमा विज्ञवाट तालिमको व्यवस्थापन समितिले मिलाउने छ ।

(६)प्रविधि एकिकरण, निगरानी प्रणालीहरुमा तापमान, आद्रता र राखेको सामानको शुद्दता वारे नियमित अध्ययन गर्ने व्यवस्था मिलाउनु पर्ने छ ।

(७) कर्मचारीका अतिरिक्त चिश्यान केन्द्र सञ्चालन तथा उपयोग सम्बन्धमा गाउँपालिकाले समितिका पदाधिकारीहरू, किसान तथा व्यापारीहरूलाई

अन्तरक्रिया कार्यक्रमको आयोजना गरी सो को लागी आवश्यक रकम समेत व्यबस्था गर्ने छ

**८)वित्तीय व्यवस्थापन तथा शुल्कको अभिलेखिकरण सम्बन्धि ब्यबस्था:**
१) चिश्यान केन्द्रमा सामान राखेबापत सामानको मात्रा र अवधिमा आधारित समय परिस्थिति सुहाउँदो कृषि उपज बजार सञ्चालक समितिले शुल्क तोकी अनुसुची -२ मा तोकिय बमोजिम नगदि रसिद काटि जम्मा गर्नु पर्ने छ ।
२) उपदफा १ बमोजिम संकलन भएको सेवा शुल्क र गाउँपालिका लगायतका निकाय तथा समितिको कोषबाट संकलन भएको रकमबाट चिस्यान केन्द्रको बित्तिय ब्यबस्थापन गरिनेछ ।
**९) जिम्मेवारी तथा क्षतिपूर्तिको व्यवस्थाः** चिस्यान केन्द्रमा कृषिजन्य वस्तु भण्डारण गरेपछि कृषकले फिर्ता नलिएसम्म कृषिजन्य वस्तुको जिम्मेवारी सञ्चालक समितको रहनेछ। कुनै कारणवश मालवस्तु क्षति हुन गएमा सञ्चालक समितिले कानुन बमोजिम क्षतिपूर्ति तिर्नुपर्नेछ। समितिले भण्डारण गरिएको उत्पादित कृषि वस्तुको बीमाको व्यवस्था गर्न सक्ने छ।
**१०)चिस्यान केन्द्र सञ्चालकको लागि छनोट गर्ने विधिः**
कपुरकोट गाउँपालिकाभित्र रहेका कृषि सहकारी कृषक समूह तथा निजी क्षेत्रहरूमध्ये कुनै एक संस्थालाई प्रस्तावना पेश गर्नको लागि १५ दिनको लागि सूचना प्रकाशन गरिनेछ।
(२)यसरी प्रस्तावना पेश हुन आएका समूहहरु मध्ये कुनै एक संस्थालाई निजले पेश गरेको प्रस्तावनाको मूल्याङ्कनको आधारमा केन्द्र कुनै एक संस्थालाई सञ्चालक समितिबाट छनोट गरी चिस्यान केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्ने जिम्मा दिइनेछ
(३)प्रस्तावान सम्बन्धि अन्य व्यवस्था समितिले तोके बमोजिम हुनेछ ।
(४) उपदफा १,२ र ३ मा जुनसुकै कुरा लेखिएको भएपनि कपुरकोट कृषि उपज संचालक समितिले चिस्यान केन्द्र सञ्चालन गरेको अवस्थामा उल्लेखित प्रावधानहरु लागु हुनेछैनन ।
**११)कार्यक्रम सम्झौता गर्ने प्रक्रियाः** छनोट भई आएको समूह, सहकारी वा निजी क्षेत्रलाई सात दिनभित्र चिस्यान केन्द्र संचालन सम्बन्धि सम्झौता गरिनेछ। यसरी सम्झौता पश्चात चिश्यान केन्द्र सञ्चालन गर्ने निकायले सम्झौताको शर्त तथा मापदण्ड पूरा गरी चिश्यान केन्द्र सञ्चालन गर्नुपर्नेछ।

## परिच्छेद ३

### विविधः

**१२)प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यविधिमा छुटेका विषयवस्तुको विषयमा कुनै समस्या उत्पन्न भएमा कपुरकोट गाउँकार्यपालिकाको निर्णय अनुसार वा प्रचलित कानुन बमोजिम हुनेछ।

**१३)संशोधनः**यस कार्यविधि कार्यान्वयनमा कुनै समस्या देखिएमा गाउँ कार्यपालिकाले आवश्यकता अनुसार परिमार्जन तथा शंशोधन गर्न सक्नेछ।

**१२)खारेजी र बचाऊः** यस कार्यविधि कार्यान्वयनमा कुनै दुबिधा उत्पन्न भएमा गाउँपालिकाले बाधा अड्काउ फुकाउन सक्ने छ भने कुनै बुदाँहरू, प्रदेश कानुन र संघिय कानुन संग वाझियमा वाझिएको हदसम्म अमान्य हुनेछ ।साथै कपुरकोट गाउँपालिकाको गाउँकार्यपालिकाले आवस्यकताको आधारमा यो कार्यविधि खारेज पनि गर्न सक्ने छ ।

**अनुसुची -१ दफा-७(३) सँग सम्बन्धित**

| क्र.स | | व्यापारी\किसानको नाम | फो.न. | दर्ता न. | भण्डाररण गरियको बस्तुको नाम | परिमाण | कोल्ड स्टोर कोड.न. | हस्ताक्षर | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

## अनुसुची -२ दफा ८(१) सँग सम्बन्धित

व्यापारी\किसानको नाम-

फोन.न. ( नगदी रसिद )

| क्र.स. | | व्यापारी\किसान को नाम | कोल्ड स्टोर कोड.न. | दिन | भण्डारण गरियको बस्तुको नाम | जम्मा रु. | कुल जम्मा | कै. | |
|---|---|---|---|---|---|---|---|---|---|
| . | | | | | | | | | |

...........................
आज्ञाले
भरत कुमार वली
प्रमुख प्रशासकिय अधिकृत